# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal


कृषि विकास कार्यक्रममा सहभागी हुन प्रशताव आव्हानको सूचना

सूचना नं.०४-२०८२/०८३ (कृषि विकास)
प्रथम पटक प्रकाशित मिति-२०८२/०८/०८

भरतपुर महानगरपालिका कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाको आ.व २०८२/०८३ को बार्षिक नगर विकास योजनाको स्वीकृत संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अनुसार माटो स्वास्थ्य सुधार कार्यक्रममा माटो परिक्षण गरी अम्लीय माटो सुधार गर्नका लागि कार्यक्रम संचालन गर्न लागिएको हुँदा भरतपुर महानगरपालिका भित्रका कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरेका ईच्छुक आवेदक (कृषक समुह,कृषि सहकारी, कृषि फर्म, कृषि कम्पनी) हरुलाई देहाय वमोजिमका कागजातहरु संलग्न गरी सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०८२/०९/०८ सम्म) माग निवेदन दर्ता गर्नहुन यो सूचना प्रकाशन गरिएको छ।तोकिएको मापदण्ड पुरा नभएका र म्याद भित्र पेश नभएका प्रस्तावहरु लाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन।कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइड www.bharatpurmun.gov.np वाट डाउनलोड गर्न सकिने छ ।

| क्र.स | कार्यक्रमको नाम | परिमाण | विनियोजित वजेट/ अनुदान | आवेदक | कार्यक्रम संचालन प्रकृया |
|---|---|---|---|---|---|
| १. | माटो स्वास्थ्य सुधार कार्यक्रम | माग अनुसार | १० लाख/परिक्षण नि शुल्क र चुनामा ५० प्रतिशत अनुदान | कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ |

...................................
लक्ष्मी प्रसाद पौडेल
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

आवश्यक कागजात तथा सर्तहरु
१.समुह/सहकारीको निर्णय सहित माग निवेदन ।
२.सम्वन्धित संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि,स्थायी लेखा नम्वरको प्रतिलिपि र कर चुक्ताको प्रतिलिपी ।
३. कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीको हकमा प्रस्ताव पेश गर्ने तथा अख्तियार प्रदान गरिएको वारे निर्णयको प्रतिलिपी ।
४.प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त/जिम्म्वार व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तायारी पत्र ।
५.सम्वन्धित वडा कार्यालय/कृषि सेवा केन्द्रको कार्यक्रममा सहभागिताको लागि सिफारिस पत्र ।
६. कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीको हकमा अनिवार्य नविकरण गरेको हुनुपर्ने छ ।
७.माटो परिक्षण गर्ने जग्गाको लाल पुर्जाको फोटोकपी ।
८.कार्यक्रम अनुसार कार्यविधिले तोकेका अन्य कागजातहरु ।

नोट- आ.व २०८१/०८२ मा माटो परिक्षण गराई सकेका कृषकहरुले पुन दोहोऱ्याएर परिक्षणका लागि माटो नल्याउनहुन अनुरोध छ ।

कार्यविधि संसोधन भएमा संसोधित कार्यविधि वमोजिम नै कार्यक्रम संचालन हुने छ।प्रस्ताव दर्ता गर्दा निवेदक स्वयम उपस्थित हुनु पर्ने छ ।


056-515771, 511013, 511467, 511083
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np